नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)

**श्रम अडिट प्रतिवेदन २०८१ (सन् २०२४)**

# श्रम कानुन कार्यान्वयनको अवस्था विश्लेषण


असल श्रम सम्बन्ध, उच्च उत्पादन र उत्पादकत्वका लागि अनिवार्य शर्त उचित श्रम अभ्यास हो । उचित श्रम अभ्यासबिना श्रम बजारको स्थायित्व कल्पना गर्न सकिँदैन । श्रम ऐन २०७४ ले रोजगारदाताको नैतिकतापूर्ण उच्च जिम्मेवारी परिकल्पना गरेको छ । श्रम ऐन २०७४ ले श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, बोनस ऐन र ट्रेड यूनियन ऐन नियम कार्यान्वयन भए नभएको स्पष्ट गर्न प्रतिष्ठानले हरेक वर्ष श्रम अडिट गरी श्रम तथा रोजगार कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । श्रम तथा रोजगार कार्यालयले श्रम निरिक्षण गर्ने । उद्योग/प्रतिष्ठानबाट पेश भएका श्रम अडिट प्रतिवेदनमा ऐन, नियम कार्यान्वयन नभएको पाइएमा कार्यान्वयन गर्न तत्काल आदेश दिन सक्ने व्यवस्था छ । तर श्रमिकसँग छलफल गरी तथ्यपरक अध्ययन विश्लेषण गरी जिफन्टले हरेक वर्ष सार्वजनकि गर्दै आएको श्रम अडिट प्रतिवेदनबाट श्रम कानुन पालना रोजगारदाताको इच्छामा निर्भर देखिन्छ ।

यस वर्ष श्रम कानुन कार्यान्वयनको अवस्था अध्ययन गर्न उत्पादनमूलक उद्योग/प्रतिष्ठान, गार्मेन्ट, जुट, टेक्सटायल, होटल, ट्रेकिङ्ग, ट्राभल्स, प्रिटिङ्ग प्रेस, सहकारी, स्वास्थ्य क्षेत्रका निजी अस्पताल, निजी विद्यालय, निर्माण तथा श्रमिक आपूर्तिकर्ता कम्पनी गरी कुल ३२७ वटा श्रम अडित प्रतिवेदनबाट श्रम कानुन कार्यान्वयनको अवस्था अध्ययन विश्लेषण गरी यो श्रम अडिट प्रतिवेदन तयार गरिएको छ ।


## रोजगारीको प्रकार अनुसार रोजगारीको अवस्था

२०८० सालमा गरिएको श्रम अडिट प्रतिवेदनमा प्रतिष्ठानको प्रत्यक्ष रोजगारीमा रहेका श्रमिकमध्ये नियमित रोजगारीमा रहेका श्रमिक संख्या ५९.७२ प्रतिशत रहेको थियो । तर यो वर्ष श्रम अडिट गरिएका प्रतिष्ठानमा ५३.३५ प्रतिशत श्रमिक नियमित रोजगारीमा कार्यरत रहेकाछन् । गत वर्षको तुलनामा यो वर्ष १०.६७ प्रतिशतले नियमित रोजगारीका श्रमिक घटेको छ । यसबाट स्पष्ट हुन्छ, श्रम ऐन नियम कार्यान्वयनमा हरेक वर्ष चुनौती थपिँदै गएको छ ।

### रोजगारीको अवस्था



| २०८० (सन् २०२३) | | २०८१ (सन् २०२४) |
|---|---|---|
| ५९.७२% | नियमित रोजगारीमा रहेका श्रमिक | ५३.३५% |
| ६.११% | कार्यगत रोजगारीमा रहेका श्रमिक | ५.५१% |
| ५.५२% | समयगत रोजगारीमा रहेका श्रमिक | ८.५८% |
| १.७३% | आशिंक रोजगारीमा रहेका श्रमिक | १.४८% |
| २.८४% | अन्य श्रमिक संख्या | १.७५% |
| ४.७४% | विदेशी श्रमिक संख्या | ४.७३% |
| ४.१८% | व्यवस्थापकीय श्रमिक संख्या | ५.१८% |
| १.६६% | तालिमी श्रमिक संख्या | १.१०% |
| १.५६% | प्रशिक्षार्थी श्रमिक संख्या | ०.८०% |
| ९.१३% | श्रम आपुर्तिकर्ता मार्फत कार्यरत श्रमिक संख्या | १४.११% |
| १.१३% | आकस्मिक रोजगारीमा श्रमिकलाई काममा लगाएको अनुमानित संख्या | २.११% |



यसै गरी कार्यगत रोजगारीमा गत वर्ष ६.१९ प्रतिशत श्रमिक कार्यरत रहेको देखिएको थियो । यो वर्ष केही घटेको अवस्था छ । जस अनुसार श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा कार्यगत रोजगारीमा ५.५१ प्रतिशत रहेका छन् । त्यस्तै समयगत रोजगारीमा कार्यरत श्रमिक संख्या गत वर्ष ५.५२ प्रतिशत रहेको थियो । यो वर्ष समयगत रोजगारीमा कार्यरत श्रमिक संख्या ८.५८ प्रतिशत रहेको छ ।

आंशिक समय रोजगारीमा गत वर्ष १.७३ प्रतिशत श्रमिक कार्यरत रहेका थिए । यो वर्ष आंशिक समय रोजगारीमा कार्यरत श्रमिक संख्या १.४८ प्रतिशत रहेको छ । यसैगरी आकस्मिक तथा अन्य रोजगारीमा कार्यरत श्रमिक गत वर्ष ३.९७ प्रतिशत रहेका थिए । यो वर्ष ४.६६ प्रतिशत रहेका छन् ।

यसैगरी गत वर्ष श्रमिक आपुर्तिकर्ता (आउटसोर्स) कम्पनी मार्फत काम गर्ने श्रमिक ९.९३ प्रतिशत थियो । तर यो वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा आउटसोर्स कम्पनीबाट काम गर्ने श्रमिक १४.९१ प्रतिशत छ ।

रोजगार सम्झौता गरेर वा नियूक्ति पत्र दिएर श्रमिकलाई काममा लगाउने उद्योग/प्रतिष्ठान संख्या गत वर्ष ६५ प्रतिशत रहेको थियो भने यो वर्ष ६०.१ प्रतिशत रहेको छ ।


यो वर्ष रोजगार सम्झौता गरेर श्रमिकलाई काममा लगाउने उद्योग/प्रतिष्ठान करिब ५ प्रतिशतले घटेको छ । यसले श्रम नीरिक्षण अनुगमन गर्ने निकाय श्रम प्रशासन फितलो बन्दै गएको पुष्टि हुन्छ ।

२०८० सालमा श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा १.६६ प्रतिशत तालिमि श्रमिक र १.५६ प्रतिशत प्रशिक्षार्थी श्रमिकलाई काममा लगाएको पाइएको थियो । यो वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठानमा १.१० तालिमि र प्रशिक्षार्थी श्रमिक काममा लगाउने उद्योग/प्रतिष्ठान ०.८० प्रतिशत रहेको छ । तालिमि श्रमिकको वाहुल्य रहेको बैंक श्रम अडिटमा समावेश नै नगरिएको र होटल, अस्पताल क्षेत्रबाट उत्पादनमूलक उद्योग/प्रतिष्ठानको तुलनामा न्यून संख्यामा श्रम अडिट प्रतिवेदन प्राप्त भएकोले संख्या घटेको देखिएको हो । यसैगरी गत वर्ष प्रशिक्षार्थी र तालिमि श्रमिकलाई काममा लगाउने ८०.९ प्रतिशत उद्योग/प्रतिष्ठानले श्रम ऐनको दफा १६ र १७ पालना नगरेको अवस्था थियो भने यो वर्ष ८८.७ प्रतिशतले पालना गरेका छैनन् ।


श्रम ऐन २०७४ को दफा १८ अनुसार एकवर्ष भन्दा बढी तालिम अवधी नहुने साथै तालिमिलाई न्यूनतम पारिश्रमिक, बिरामी बिदा, उपदान, सञ्चयकोष, बीमा र सामाजिक सुरक्षामा कमी नहुने गरी सुविधा दिनु पर्ने व्यवस्था विपरित गत वर्ष ७९.६ प्रतिशत उद्योग/प्रतिष्ठानले काममा लगाएका थिए । यो वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठान मध्ये ९१.६ प्रतिशत उद्योग/प्रतिष्ठानले यो व्यवस्थाको पालना गरेका छैनन् ।

यसै गरी विदेशी श्रमिकलाई काममा लगाउने प्रतिष्ठानले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट स्वीकृति लिएर मात्र काम लगाउन सकिने व्यवस्था छ । तर भारतीयमूलका श्रमिक काममा लगाउने उद्योग/प्रतिष्ठानले भने श्रमिकको अभिलेखिकरण गर्नु पर्ने कानुनी व्यवस्था छ । २०८० सालमा गरिएको श्रम अडिटबाट २५.५ प्रतिशत उद्योग/प्रतिष्ठानले विदेशी श्रमिक काममा लगाएको अवस्था थियो । यो वर्ष श्रम अडिट गरिएको उद्योग/प्रतिष्ठानमध्ये ११.८ प्रतिशत उद्योग/प्रतिष्ठानले विदेशी श्रमिकलाई काममा लगाएको अवस्था छ ।

## रोजगारीको अवस्था



## कार्य समयको पालना




गत वर्षको श्रम अडिट प्रतिवेदनमा बाल श्रमिकको प्रयोग ०.६ प्रतिशत रहेको थियो । यो वर्ष बालश्रमिक प्रयोग गर्ने उद्योग/प्रतिष्ठान ०.६ प्रतिशत नै रहेको छ। तर गत वर्षभन्दा यस वर्ष दोब्बरभन्दा बढी उद्योग/प्रतिष्ठानमा श्रम अडिट गरिएको छ। तसर्थ प्रतिशत समान नै रहे पनि गत वर्ष एउटा उद्योग/प्रतिष्ठानमा बाल श्रमिकको प्रयोग भएको पाइएको थियो भने यस वर्ष दुईवटा उद्योग/प्रतिष्ठानमा बाल श्रमिकको प्रयोग भएको पाइएको छ।

### आठ घण्टा काम र विश्राम सम्बन्धी अवस्था

श्रम ऐन २०७४ को दफा २८ मा उद्योग/प्रतिष्ठानमा दैनिक ८ घण्टा र हप्तामा अठ्चालिस घण्टाभन्दा बढी समय श्रमिकलाई काम लगाउन नपाइने व्यवस्था छ । गत वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठान मध्ये ६१.१ प्रतिशतमा ८ घण्टा भन्दा बढी (ओभरटाइम) समय काममा लगाएको पाइएको थियो। यो वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठान मध्ये ५०.२ प्रतिशत उद्योग/प्रतिष्ठानले ८ घण्टाभन्दा बढी समय काममा लगाएका छन्।


यसैगरी लगातार पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिनु पर्ने व्यवस्था श्रम ऐनमा छ। यो व्यवस्था अनुसार गत वर्ष श्रम अडिट प्रतिवेदनमा १४.६ प्रतिशतले विश्राम समय नदिएको पाइएको थियो । तर यसपटक यो संख्या ३१.६ प्रतिशत रहेको देखिएको छ । यसबाट श्रमिकलाई विश्रामको समय नदिई काम लगाएर अतिरिक्त समय कटौती गरेको स्पष्ट हुन्छ।

### न्यूनतम पारिश्रमिक र सुविधा कार्यान्वयनको अवस्था


२०८० सालको श्रम अडिट प्रतिवेदन अनुसार २१.७ प्रतिशत उद्योग/प्रतिष्ठानले न्यूनतम पारिश्रमिक दिएका थिएनन्। यो वर्षको श्रम अडिट प्रतिवेदनबाट २०८० साल साउन १ गतेबाट लागू भएको न्यूनतम पारिश्रमिक (रु.१७,३००) नदिने उद्योग/प्रतिष्ठान संख्या २९ प्रतिशत रहेको छ।

यसैगरी श्रमिक आपूर्तिकर्ता (आउटसोर्स) कम्पनी मार्फत काम गर्ने श्रमिकलाई न्यूनतम पारिश्रमिक र ओभरटाइम आदि आधारभूत सुविधा नदिने कम्पनी ७२.६ प्रतिशत रहेको थियो भने यो वर्ष ७७.२ रहेका छन्। यो तथ्यले आउटसोर्स कम्पनी श्रम शोषण गर्ने मुख्य केन्द्रको रूपमा रहेको स्पष्ट हुन्छ। साथै श्रम निरीक्षण गर्ने र हरेक वर्ष रोजगारदातालाई श्रम अडिट प्रतिवेदन पेश गर्न लागाउने अधिकार प्राप्त निकाय श्रम तथा रोजगार कार्यालयको उदासिनता स्पष्ट गरेको छ।

## पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था



**सामाजिक सुरक्षा कोषमा सूचीकरण भएका उद्योग/प्रतिष्ठानहरूको क्षेत्रगत अवस्था (२०८१)**




## सञ्चयकोष, उपदान सम्बन्धी व्यवस्था कार्यान्वयन

श्रम ऐनको दफा ५२ र ५३ मा सबै प्रकारका रोजगारीमा रहेका श्रमिकले सञ्चयकोष र उपदान पाउने व्यवस्था छ । श्रम अडिट गरिएको उद्योग/प्रतिष्ठान मध्ये ५६.३ प्रतिशतले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू हुनुभन्दा पहिलेको सञ्चयकोष र ४८.४ प्रतिशतले उपदान वापतको रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरेका छन् । तर ४३.७ प्रतिशत उद्योग/प्रतिष्ठानले श्रमिकको सञ्चयकोष र ५१.६ उद्योग/प्रतिष्ठानले उपदान वापतको रकम आफैले उपयोग गरिरहेको देखिन्छ ।


## वार्षिक तलब (ग्रेड) बृद्धि सम्बन्धी व्यवस्था

श्रम ऐनको दफा ३६ अनुसार हरेक श्रमिकले वार्षिक तलब (ग्रेड)बृद्धि पाउने व्यवस्था छ । यो व्यवस्था अनुसार २०८० सालमा २१.७० प्रतिशत उद्योग/प्रतिष्ठानले वार्षिक ग्रेड नदिएको पाईएको थियो । यो वर्ष ग्रेड बृद्धि गर्ने उद्योग/प्रतिष्ठान संख्यामा केही बृद्धि भई ६३.१ प्रतिशत रहेको भएपनि ३६.९ प्रतिशत उद्योगले वार्षिक ग्रेड नदिएको पाइएको. छ । यसै गरी दफा ३५ मा पारिश्रमिक भुक्तानी अवधी सम्बन्धी व्यवस्था रहेको छ । यो व्यवस्था अनुसार पारिश्रमिक भुक्तानीको अवधी एक महिनाभन्दा बढीको अन्तराल गर्न पाईदैन । गत वर्ष एक महिनाको अन्तरालमा पारिश्रमिक दिने उद्योग/प्रतिष्ठान २८ प्रतिशत रहेको थियो । यो वर्ष एक महिनाभन्दा बढीको अन्तरालमा पारिश्रमिक दिने संख्या २९.९ प्रतिशत रहेको छ ।


## योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता

गत वर्ष उत्पादनमूलक उद्योग/प्रतिष्ठान केन्द्रित श्रम अडिट गर्दा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकरण हुने उद्योग/प्रतिष्ठान संख्या ६९.४ प्रतिशत रहेको थियो । यो वर्षको श्रम अडिटबाट ४७.८ प्रतिशत उद्योग/प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा सूचीकरण भएको र ५२.२ प्रतिशत उद्योग/प्रतिष्ठान सूचिकरण हुन बाँकी देखिएको छ । यसैगरी सूचीकरण भएका मध्ये गत वर्ष ६९.४ प्रतिशत उद्योग/प्रतिष्ठानले योगदान नियमित रुपमा जम्मा गरेका थिए भने यो वर्ष योगदान रकम नियमित रूपमा जम्मा

**योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता र योगदानको अवस्था**



## औषधी उपचार तथा दुर्घटना बिमा




गर्ने उद्योग/प्रतिष्ठान संख्या ४४.४ प्रतिशत रहेको छ । अर्थात योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकरण भएर पनि योगदान नियमित जम्मा नगर्ने संख्या ५५.६ प्रतिशत देखिएको छ । तर गत वर्ष क्षेत्रगत विवरण उल्लेख गरिएको थिएन त्यसैले तुलना गरिएको छैन । यो वर्ष सूचीकरणको क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ ।

१. उत्पादनमूलक उद्योग/प्रतिष्ठान ५८.५ प्रतिशत ।
२. होटल उद्योग/प्रतिष्ठान ५३.१ प्रतिशत ।
३. कार्पेट, जुट र टेक्सटायल उद्योग/प्रतिष्ठान ४५.५ प्रतिशत ।
४. निजी विद्यालय ३०.८ प्रतिशत ।
५. सहकारी तथा लघुबित्त २७.८ प्रतिशत ।
६. ट्रेकिङ्ग, ट्राभल्स उद्योग/प्रतिष्ठान २० प्रतिशत ।
७. स्वास्थ्य क्षेत्र निजी अस्पताल १८.८ प्रतिशत ।
८. प्रेस, छपाई तथा सञ्चार क्षेत्र १७.४ प्रतिशत ।
९. अन्य ७ वटामा श्रम अडिट गरेकोमा कुनै पनि सूचीकरण नभएको अवस्था छ ।

## औषधी उपचार सम्बन्धी व्यवस्था कार्यान्वयन

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकरण भई योगदान नियमित रहेका उद्योग/प्रतिष्ठान बाहेक अन्यले श्रम ऐनमा हरेक श्रमिकको एक लाखको औषधी उपचार बीमा तथा सात लाखको दुर्घटना बीमा गर्नु पर्ने व्यवस्था छ । तर श्रम अडिट गरिएका मध्ये सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका उद्योग/प्रतिष्ठान गत वर्ष ४४.६ प्रतिशतले औषधी उपचार बीमा र ४८.४ प्रतिशतले दुर्घटना बीमा गरेको पाइएको थियो । यो वर्षको श्रम अडिटबाट यस्ता उद्योग/प्रतिष्ठानले औषधी उपचार ३६.८ प्रतिशत र दुर्घटना बीमा ३५.२ प्रतिशत रहेको छ ।

## बिदा सम्बन्धी व्यवस्था कार्यान्वयको अवस्था


### साप्ताहिक बिदा

श्रम ऐन २०७४ को दफा ४० मा हरेक श्रमिकलाई सप्ताहमा एक दिन बिदा दिनु पर्ने व्यवस्था छ । गत वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठान मध्ये ९५.९ प्रतिशतले साप्ताहिक बिदा दिने गरेको देखिएको थियो । यो वर्ष ९८.० प्रतिशत उद्योग/प्रतिष्ठानमा साप्ताहिक बिदा दिने गरेको पाइएको छ ।


### सार्वजनिक बिदा

श्रम ऐन २०७४ को दफा ४१ मा महिला श्रमिक भएका प्रतिष्ठानमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस् समेत १४ दिन र महिला श्रमिक नरहेका प्रतिष्ठानले १३ दिन पूरा पारिश्रमिक सहित सार्वजनिक बिदा दिनु पर्ने व्यवस्था छ । गत वर्षको श्रम अडिटमा ९६.१७ प्रतिशतले

## बिदा सम्बन्धी व्यवस्था



## व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धमा




बिदा दिने गरेको पाइएको थियो । यस वर्ष ९७.७ प्रतिशतले सार्वजनिक बिदा दिने गरेको पाईएको छ ।

### घर बिदा

गत वर्ष श्रम अडिट गर्दा ९४.९० प्रतिशतले घर बिदा दिएका थिए। यो वर्ष गरिएको श्रम अडिटमा घर बिदा दिने उद्योग/प्रतिष्ठान ९७.७ प्रतिशत रहेको देखिएको छ।

### बिरामी बिदा

गत वर्ष बिरामी बिदा दिने उद्योग/प्रतिष्ठान ९५.८ प्रतिशत रहेका थिए। यो वर्षको श्रम अडिटमा ९७.७ प्रतिशतले बिदा दिने गरेको पाइएको छ।

### प्रसूती बिदा

श्रम ऐन २०७४ मा महिला श्रमिक प्रसूती भई बिदा बसेको अवस्थामा ६० दिनको पूरा पारिश्रमिक सहित कार्यरत प्रतिष्ठानबाट बिदा पाउने व्यवस्था छ। आमा वा बच्चाको स्वास्थ्य अवस्थाको कारणले थप बिदा बस्नु पर्ने भएमा थप एक महिनासम्म बेतलवी बिदा लिन सकिने व्यवस्था छ। यसरी थप बिदा लिएको अवस्थामा सामाजिक सुरक्षा कोषमा सूचीकरण भई योगदान नियमित भएकोमा कोषबाट आधारभूत पारिश्रमिकको हिसाबले ३८ दिनको रकम उपलब्ध गराउने व्यवस्था छ। यस सम्बन्धमा गत वर्ष ९४.८३ प्रतिशत उद्योग/प्रतिष्ठानमा प्रसूती बिदा कार्यान्वयन भएको थियो। यो वर्षको श्रम अडिट प्रतिवेदनमा ९७.३ प्रतिशत उद्योग/प्रतिष्ठानले पूरा पारिश्रमिक सहित बिदा दिने गरेको पाइएको छ।

### प्रसूती स्याहार बिदा

श्रम ऐन २०७४ मा पुरुष श्रमिकको श्रीमती प्रसूती भएको अवस्थामा १५ दिन पूरा पारिश्रमिक सहित प्रसूती स्याहार बिदा पाउने व्यवस्था रहेको छ। यो व्यवस्था अनुसार गत वर्ष श्रम अडिट गरिएका उद्योग प्रतिष्ठान मध्ये ९४.८ प्रतिशतले बिदा दिएका थिए। यो वर्ष ९७.३ प्रतिशत उद्योग/प्रतिष्ठानले पारिश्रमिक सहित प्रसूती स्याहार बिदा दिएको पाइएको छ।

### कीरिया बिदा

गत वर्ष ९५.९ प्रतिशत प्रतिष्ठानले पारिश्रमिक सहित कीरिया बिदा दिएको देखिएको थियो । यो वर्ष ९७.८ प्रतिशतले पारिश्रमिक सहित कीरिया बिदा दिएको पाइएको छ । यसबाट बिदा दिने प्रवृतिमा गत वर्षको तुलनामा धेरै सुधार भएको पाइएको छ।

### व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था कार्यान्वयन


श्रम ऐन २०७४ को दफा ७४ मा बीस वा सो भन्दा बढी श्रमिक कार्यरत रहेका प्रतिष्ठानमा रोजगारदाताले श्रमिकको समेत प्रतिनिधित्व हुने गरी व्यवसायजन्य सुरक्षा र स्वास्थ्य समिति बनाउनु पर्ने व्यवस्था रहेकोछ । यसै गरी दफा ७८ मा सुरक्षा र स्वास्थ्य नीति बनाउनु पर्ने व्यवस्था रहेको छ। जस अनुसार गत वर्ष २९.३ प्रतिशतले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति रहेको उल्लेख गरेका थिए । यसै गरी ओएसएच कमिटी भने १५.९ प्रतिशत उद्योग/प्रतिष्ठानमा गठन भएको प्रतिवेदनबाट देखिएको थियो। तर यो वर्षको श्रम अडिट प्रतिवेदन अनुसार व्यवसाजन्य सुरक्षा र स्वास्थ्य नीति बनाउने १९.० प्रतिशत उद्योग/प्रतिष्ठान रहेको देखिएको छ। यसै गरी व्यवसाजन्य सुरक्षा र स्वास्थ्य कमिटी गठन गर्ने उद्योग/प्रतिष्ठान १२.४ प्रतिशत रहेको देखिएको छ । यसबाट यो क्षेत्रमा ट्रेड यूनियनले धेरै मिहिनेत गर्न पर्ने स्पष्ट छ।

### चाडपर्व खर्च सम्बन्धी व्यवस्था कार्यान्वयन

हरेक वर्ष श्रमिकलाई चाडपर्व खर्च दिनु पर्ने व्यवस्था श्रम ऐन २०७४ को दफा ३७ मा रहेको छ। यो व्यवस्था अनुसार २०८० सालमा गरेको श्रम अडिट प्रतिवेदनमा चाडपर्व खर्च नदिने उद्योग/प्रतिष्ठान ८.९ प्रतिशत रहेका थिए। यस वर्षको श्रम अडिट प्रतिवेदनबाट ७८.७ प्रतिशत उद्योग/प्रतिष्ठानले दिएको र २१.३ प्रतिशत उद्योग/प्रतिष्ठानले चाडपर्व खर्च नदिएको देखिएको छ।

### कर्मचारी विनियमावली सम्बन्धी व्यवस्था कार्यान्वयन

श्रम ऐन २०७४ मा हरेक उद्योग/प्रतिष्ठानले आन्तरिक व्यवस्थापन तथा श्रमिकको सेवा शर्त सम्बन्धमा विनियमावली बनाउन सक्ने




व्यवस्था रहेको छ। यस व्यवस्था अनुसार गत वर्ष विनियमावली बनाउने उद्योग/प्रतिष्ठान २१.७ प्रतिशत रहेको थियो। यस वर्ष श्रम अडिट प्रतिवेदनबाट ३३.४ प्रतिशत उद्योग/प्रतिष्ठानले विनियमावली बनाएको पाइएको भएपनि श्रमिकलाई विनियिमावली उपलब्ध गराउने संख्या भने १७.६ प्रतिशत मात्र रहेको छ। गत वर्षको तुलनामा विनियमावली बनाउने प्रवृतिमा सामान्य सुधार भएको देखिन्छ।

## कार्यसम्पादन मुल्याङ्कन र श्रम सम्बन्ध समिति सम्बन्धी व्यवस्था कार्यान्वयन

श्रम ऐन २०७४ को दफा १११ मा प्रतिष्ठानमा श्रमिक र व्यवस्थापकको प्रतिनिधि रहने गरी श्रम सम्बन्ध समिति गठन गर्नु पर्ने तथा दफा ११२ मा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था रहेको छ। यो व्यवस्था अनुसार यस वर्ष श्रम सम्बन्ध समिति गठन गर्ने जम्मा १४.४ प्रतिशत तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गर्ने उद्योग/प्रतिष्ठान २३.९ प्रतिशत रहेको छ।

## माग दावीको अवस्था


श्रम ऐन २०७४ अनुसार सामूहिक र व्यक्तिगत दुई तरिकाले माग दावी गर्न सकिने व्यवस्था रहेको छ। यो व्यवस्था अनुसार गत वर्ष सामूहिक मागदावी २९.९ प्रतिशत उद्योग/प्रतिष्ठानमा भएको थियो। यो वर्ष श्रम अडिट गरिएका उद्योग/प्रतिष्ठान मध्ये प्रतिष्ठानमा पनि सामूहिक मागदावी १४.३ प्रतिशतमा पेश भएको देखिएको छ। यसैगरी गत वर्ष २४.२ प्रतिशत प्रतिष्ठानमा व्यक्तिगत मागदावी पेश भएको थियो। यो वर्ष व्यक्तिगत मागदावी १३.८ प्रतिशत पेश भएको छ।

## श्रम ऐन बमोजिम भएका सम्झौता निर्णय वा फैसला कार्यान्वयनको अवस्था

श्रम ऐन २०७४ अनुसार भएका सम्झौता, निर्णय वा अदालतबाट भएका फैसला कार्यान्वयन हुन बाँकी छ वा छैन भनी सोधिएको प्रश्नमा यस वर्ष १६.१ प्रतिशत उद्योग/प्रतिष्ठानमा कार्यान्वयन हुन बाँकी रहेको देखिएको छ भने गत वर्ष २६.१ प्रतिशत उद्योग/प्रतिष्ठानमा कार्यान्वयन हुन बाँकी रहेको देखिएको थियो।

## बोनस वितरण सम्बन्धी व्यवस्था

गत वर्ष बोनस ऐन अनुसार बोनस वितरण गर्ने गरिएको छ वा छैन भनी सोधिएको थियो। जस अनुसार गत वर्ष बोनस वितरण गर्नु पर्ने अवस्थाका प्रतिष्ठान मध्ये ४५.२ प्रतिशत उद्योग/प्रतिष्ठानमा बोनस वितरण गर्ने गरेको भन्ने जवाफ प्राप्त भएको थियो। तर बोनस ऐन अनुसार उद्योग/प्रतिष्ठानले एक आर्थिक वर्षमा कमाएको मुनाफाको दश प्रतिशत बोनस पाउनेले मात्र नभई यूनियनसँगको सहमतीबाट एकमुष्ट बोनस लिने समेतले बोनस पाउने गरेको भनी जवाफ दिएको पाइएको थियो। यो वर्ष पुनः बोनस ऐन अनुसार बोनस वितरण भएको छ वा छैन भनी प्रश्न सोधेका थियौं। जसमध्ये ३२.२ प्रतिशतले बोनस पाएको जवाफ दिएका छन्। र, गत वर्षको बोनस वितरण गर्न बाँकी रहेको १७.१ प्रतिशतले उल्लेख गरेका छन्।




**नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)**
पुतलीसडक, मनमोहन मजदुर भवन, काठमाडौं
फोन : ४१६८०००, फ्याक्स : ४१६८०१२
इमेल : office@gefont.org वेब : www.gefont.org

२०८२ वैशाख १६ गते (29 April 2024)